**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

# आन्तरिक राजस्व विभाग

## निकायको लागि लागू हुने करको दर (आय वर्ष २०७९/८० को लागि)

| क्र.सं. | अनुसूची / दफा | व्यवसाय/निकायको विवरण/आयको अवस्था | करको दर |
|---|---|---|---|
| १. | अनुसूची-१ दफा २ को उपदफा (१) | सामान्य व्यवसाय गर्ने निकाय। | २५ प्रतिशत |
| २. | अनुसूची-१ दफा २ को उपदफा (२) | बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूर सञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्युचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, विँडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पान मसला, मदिरा र वियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकाय। | ३० प्रतिशत |
| ३. | अनुसूची-१ दफा २ को उपदफा (३) | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेः<br>- नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा,<br>- उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा,<br>- महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा, | <br><br><br>**७.५ प्रतिशत**<br>**१० प्रतिशत**<br>**१५ प्रतिशत** |
| ४. | अनुसूची-१ दफा २ को उपदफा (३ख) | सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको करयोग्य आयमा, | २० प्रतिशत |
| ५. | अनुसूची-१ दफा २ को उपदफा (६) | कुनै आय वर्षमा कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा, | ५ प्रतिशत |
| ६. | अनुसूची-१ दफा २ को उपदफा (७) | कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा,<br>तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा, | ५ प्रतिशत<br><br>२ प्रतिशत |

| | | | |
|---|---|---|---|
| ७. | आर्थिक विधेयक, २०७९ को दफा २२ | आय वर्ष २०७९/८० मा बिजनेश प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्ने कारोबार गरी सो बापत विदेशी मुद्रा आर्जन बासिन्दा ब्यक्तिको हकमा | १ प्रतिशत |

****